
# विश्व

**नमुना**

डार्पासँग अन्तरिक्ष विमान निर्माणमा काम गरिरहेको बोइङले हालै सार्वजनिक गरेको हाइपरसोनिक जेटको नमुना।



**तीर्थयात्रा**

भारत अधिनस्थ कारिमरस्थित हिन्दूहरूको तीर्थस्थल अमरनाथको यात्रामा निस्केका तीर्थयात्रीहरू। उक्त तीर्थयात्राका लागि व्यापक सुरक्षा व्यवस्था गरेको छ।



2018, JUN Thursday 28

**विश्व २ मिनेट**

**भारत**

## न्यायाधीशको घरमा नजरबन्द

पटना, (एजेन्सी)

एक न्यायाधीशले घरमा नजरबन्द राखिएका उनकी छोरीलाई पटनाको उच्च अदालतले केटीको पक्षमा फैसला दिँदै स्वतन्त्र गरेको छ। आफ्नी छोरीको प्रेम प्रसंगलाई लिएर असन्तुष्ट रहेका जिल्ला न्यायाधीशले उनलाई नजरबन्दमा राखेको थियो। उच्च अदालतले यस मामिलामा फैसला सुनाउँदै पीडित युवतीका आमाबुबाबाट अलग १५ दिनसम्म पटनास्थित चाणक्य कानुन विश्वविद्यालयमा रहन दिनका लागि एक कोठाको व्यवस्था गर्न आदेश दिएको छ। उसँगै एक महिला कन्स्टेबललाई २४ घण्टा सुरक्षा दिन र उसका प्रेमीसँग भेट्ने अनुमति पनि दिएको छ।

**भारत**

## निकी हेली भारतमा

नयाँदिली, (एजेन्सी)

संयुक्त राष्ट्र संघका लागि अमेरिकी दूत निकी हेली ३ दिवसिय भारत भ्रमणमा आएकी छिन्। निकी हेली अमेरिकी प्रशासनमा अहिलेसम्मकै सर्वोच्च पदमा पुगेकी भारतीय मुलकी व्यक्ति हुन्। निकी हेली अमेरिकी सिख परिवारकी हुन्। उनीहरू भारतको अम्बालाबाट अमेरिका पुगेका थिए। ४६ वर्षीय निकी हेलीको भारत भ्रमणको एजेन्डाका विषयमा धेरै जानकारी दिइएको छैन। तर उनले सरकारका वरिष्ठ अधिकारीहरसँग भेटवार्ता गर्ने र प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि भेटवार्ता गर्ने अनुमान गरिएको छ। अमेरिकी विदेश मन्त्रालयले हेलीको भारत भ्रमणको उद्देश्य र एजेन्डाका बारेमा विस्तृत जानकारी दिएको छैन।

**म्यान्मार**

## मुद्दाको माग

यांगुन, (एजेन्सी)

एमेनेस्टि इन्टरनेसनलले बुधबार अल्पमत मुश्लिम समुदाय रोहिँग्यामाथि शृंखलावद्ध आक्रमण गराएबापत म्यान्मारका उच्च पदस्थ सैनिक अधिकारीहरूमाथि आपराधिक मुद्दा चलाइनुपर्ने जनाएको छ। मानव अधिकारवादी समूहले सेनाले गाउँलेहरूलाई प्रायोजित ढंगले आक्रमण गर्दै यातना दिनुका साथै हत्या र बलात्कार गरेको आरोप लगाएका छन्। साथै सेनाको सुनियोजित र प्रायोजित आक्रमणका कारण गत वर्ष झण्डै सात लाख रोहिँग्या देश छोडेर भाग्न बाध्य भएका थिए। तिनीहरूमध्ये अधिकांशले छिमेकी मुलुक बंगलादेशमा शरण लिएका थिए।

**अस्ट्रेलिया**

## घृणाको कारण हत्या

सिडनी, (एजेन्सी)

सन् १९७६ देखि २००० सम्म अस्ट्रेलियामा हत्या भएका २७ जना पुरुषको समलिंगी विरुद्धको घृणाका कारण अपराधको शिकार भएको बलियो संभावना रहेको बुधबार प्रहरीले जनाएको छ। अस्ट्रेलियाको सबैभन्दा घना आवादी रहेको न्यु साउथ वेल्सको प्रहरीले यस सम्बन्धमा तीन वर्ष लगाएर ८६ वटा हत्याकाण्डमाथि पुनरावलोकन गरेको हो। अस्ट्रेलियाली अपराधशास्त्र प्रतिष्ठानको विशेष आग्रहमा प्रहरीद्वारा भएको सो अनुसन्धानले पुरुष समलिंगीहरू हत्या र हिंसाको शिकार भएको स्थानीय सञ्चार माध्यमले जनाएको छ।

# अलगिएका बच्चालाई आमाबुबासँग भेटाउन अदालतको आदेश





वासिङटन, (एजेन्सी)

अमेरिकामा अवैध आप्रवासी र उनीहरूका बच्चालाई अलग गरिएको मामिलामा एक अमेरिकी न्यायाधीशले ताजा आदेश दिएका छन्। न्यायाधीशले आमाबुबासँग अलग भएका बच्चालाई ३० दिनभित्र मिलाउन आदेश दिएको हो। डोनाल्ड ट्रम्प शुरूआतदेखि नै अवैध आप्रवासीलाई लिएर कडा नीति लिँदै आइरहेका छन् र उनको 'जिरो टलरेन्स' पनि यसको हिस्सा हो। उक्त विवादित नीतिअन्तर्गत बिनाआवश्यक कागजात अमेरिकी सीमामा प्रवेश गर्नेमाथि आपराधिक मामिला दर्ता गरिने र उनीहरूलाई जेलमा हालिने व्यवस्था छ। यस्तो स्थितिमा उनीहरूका बच्चालाई उनीहरूबाट अलग हिरासत केन्द्रमा राखिने छ।

यस नीतिको चौतर्फी आलोचनापछि ट्रम्पले यसमा परिवर्तन गरेका थिए। अब परिवार र बच्चालाई सँगै हिरासतमा राखिने भएको छ। यद्यपि उनको आदेशमा पहिल्यै आमाबुबासँग अलग भएका बच्चाहरूको विषयमा के हुन्छ, भन्ने विषयमा प्रष्ट गरेको छैन।

अब क्यालिफोर्नियामा सन डियागोका एक संघीय न्यायाधीशले मंगलबार आफ्नो आदेशमा सरकारले पाँच वर्षभन्दा कम उमेरका बच्चालाई १५ दिनभित्र र पाँचभन्दा धेरै वर्षका बच्चालाई ३० दिनभित्र उनका आमाबुबासँग भेटाउन भनेको छ।

उक्त फैसला दिने क्रममा न्यायाधीश डेना साब्राले सरकारको आलोचना गर्दै उसले फैलाएको अराजकतालाई नियन्त्रण गर्न नसकेको बताएका छन्। न्यायाधीशले फैसला अमेरिकी सिभिल लिबर्टिज युनियन (एसीएलयु) द्वारा दायर गरिएको एक याचिकामा सुनाएको हो।

एसीएलयुले गत वर्ष अमेरिकामा आएपछि अलग भएकी आफ्नी ६ वर्षकी छोरीकी आमाको तर्फबाट उक्त याचिका हालेको हो। जञ्जिरले बाँधेको ढोका बाहिर आप्रवासीका बच्चाहरूको केही तस्वीर सञ्चार माध्यममा आएपछि ट्रम्प प्रशासनको आप्रवासी कानुनमाथि विवाद बढेको थियो। ती तस्वीरलाई लिएर ती केन्द्रको तुलना नाजी यातना शिविरसँग गरिएको थियो। अमेरिकी सरकारको आँकडामा मे ५ देखि जुन ९ को बीच २ हजार ३ सय ४२ बच्चा उनीहरूका आमाबुवासँग अलग भइसकेका छन्। यसपछि ट्रम्प प्रशासनले आफ्नो फैसलामा परिवर्तन गर्नुपरेको हो। राष्ट्रपति ट्रम्पले अब आप्रवासी परिवारसँगै बस्न पाउने बताएका थिए।

केही सञ्चार माध्यमका अनुसार ट्रम्पकी पत्नी मेलानिया र छोरी इवान्काले पनि उक्त नियममा परिवर्तन गर्न दबाब दिएका थिए। यसै क्रममा मेलानिया टेक्सास स्थित एउटा 'बाल हिरासत केन्द' मा आमाबुबासँग अलग भएका बच्चाहरूसँग भेट्न गएकी थिइन्।

# गर्भवती अमेरिकीको पसलेद्वारा अपहेलना



न्युयोर्क, (एजेन्सी)

अमेरिकाको एरिजोना निवासी एकजना महिलाले अमेरिकी फार्मेसी चेन वाल्ग्रिन्सका एकजना कर्मचारीले आफूलाई डाक्टरले सिफारिस गरेको औषधि नदिएर बेइज्जत गरेको सञ्चार माध्यमसमक्ष रोएर गुनासो गरेकी छिन्। निकोल माने नामक ती महिलाले गर्भ तुहाउने औषधि लिन औषधि पसल पुगेकी थिइन्। उनको दुई महिने गर्भमा रहेको भ्रुण सामान्य रुपमा विकास भइ नरहेको भन्दै डाक्टरले उनलाई गत मंगलबार शल्यक्रिया वा औषधि सेवन गरेर गर्भपतन गर्न सिफारिस गरेका थिए।

साथै डाक्टरले अन्तत उनको गर्भ तुहिने ठोकुवासमेत गरेका थिए। मोनेले औषधिको सहाराले गर्भपतन गराउने उद्देश्यले औषधि किन्न गएकी थिइन्। पियोरिया शहरस्थित वाल्ग्रिन्सको औषधि पसलमा बिक्रेताले नैतकिताको कारण दिई उनलाई औषधि दिन अस्विकार गरेका थिए।

३५ वर्षीया मोनेले विक्रेताको परिचयपत्रसमेत देखिने गरी तस्वीर सामाजिक सञ्जालमा राखेकी छिन्। उनले फेसबुक र इन्स्टाग्राममा लेखेकी छिन्, 'मैले साथै रहेका मेरो सात वर्षीय छोरा र अन्य पाँचजना ग्राहकसमक्ष औषधि पाउन रोइकराइ गरेँ। तर बिक्रेताले मेरो कुरै सुनेनन्। मेरो हालत देखेर केही नबुझेका मेरो छोरा वाल्ल परिरहेको थियो। मेरो विगतमा पनि एकपटक गर्भ तुहिसकेको छ। म त्यहाँबाट रुँदै, लज्जित र अपहेलित अवस्थामा हिँडे।


**नेपाल सरकार**
**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग**
**सस्पेन्सन बृज डिभिजन**
पुल्चोक, ललितपुर

**पुन: सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना**

(प्रकाशित मिति : २०७५/०३/१४)

यस डिभिजनको चालु आ.व. २०७४/७५ को कार्यक्रम अन्तर्गत विभिन्न जिल्लामा रहेका झोलुङ्गे पुलहरुको मर्मत/संरक्षण कार्यको लागि सिलबन्दी दरभाउपत्र (MM:SQ-02/074/75 & MM:SQ-03/074/75) आव्हान गरिएको सूचना नेपाल सरकारको ई-बिडिङ पोर्टल https://bolpatra.gov.np/egp मा मिति २०७५/३/१४ मा प्रकाशन भएको हुँदा सम्बन्धित सबै दरभाउपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**योजना प्रमूख**



**शिवपुरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
शेरावगर, नुवाकोट, ३ नं प्रदेश

**प्रारम्भिक वातावरणीय परिक्षण सम्वन्धी सार्वजनिक सुचना**

प्रथम पटक प्रकाशित मिति: २०७५/०३/१४

नुवाकोट जिल्ला अन्तर्गत शिवपुरी गाउँपालिकाको लिखु खोला र स्यालपिङ्ग खोलाबाट ढुङगा, बालुवा र ग्रावेल उत्खनन् तथा संकलन कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने शिलशिलामा वातावरण संरक्षण ऐन २०५३ वातावरण संरक्षण नियमावली २०५४ को नियम ३ को अनुसुची १ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन गर्नुपर्ने भएकोले उक्त प्रस्ताव कार्यान्वयन हुने देहायका क्षेत्रहरुमा प्रस्तावित कार्यबाट पर्न सक्ने भौतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्र एवं यिनका अवयवहरु र अन्तरसम्बन्धमा पर्न सक्ने प्रभावहरुको सम्वन्धमा सम्बन्धित जनताहरु, विभिन्न कार्यालयहरु, गाउँपालिकाहरु, नगरपालिकाहरु, जिल्ला वन कार्यालय, राष्ट्रिय निकुन्ज तथा विभिन्न संघ संस्थाहरुलाई यो सुचना प्रथम पटक प्रकाशीत गरिएको छ। यदि कुनै राय, सल्लाह, सुझाव भएमा १५ दिनभित्रमा कार्यालयमा पठाई सहयोग गरिदिनु हुन समेत यसै सुचना मार्फत अनुरोध छ।

| सि.नं. | योजनाको नाम | प्रभावित क्षेत्र |
|---|---|---|
| १ | लिखु खोलावाट ढुङगा, वालुवा तथा ग्रावेल उत्खनन् तथा संकलन | लिखु खोला |
| २ | स्यालपिङ्ग खोलावाट ढुङगा, वालुवा तथा ग्रावेल उत्खनन् तथा संकलन | स्यालपिङ्ग खोला |

**प्रमुख प्रशासकीय अधिकृत**


# मलेसियाली पूर्वप्रमको २७ करोड डलर पर्ने गरगहना बरामद

क्वालालम्पुर, (एजेनसी)



मलेसियाली प्रहरीले बुधबार पूर्वप्रधानमन्त्री नाजिव राजाक र उनकी पत्नी रोस्माह मान्सोरसँग सम्बन्धित सम्पत्ति छानविन गर्ने क्रममा करिब २७ करोड ३० लाख अमेरिकी डलर मूल्यबराबरको सुनचाँदी र जुहारतका गहना भरिएका ह्यान्ड ब्यागहरू फेला पारेको छ।

सरकारी लगानी कोष १ एमडीबीमा भएको आर्थिक भ्रष्टाचारको विषयलाई लिएर गरिएको अनुसन्धानमा १६ लाख डलर मूल्यको सुन र हिराको हारलगायतका अन्य गहना भरिएका २ सय ७२ वटा ब्याग फेला पारिएको थियो। नाजिव आफैंले स्थापना गरेको सो कोषबाट अर्बौं डलर हिनामिना भएको बताइएको छ। गत मे महिनामा अप्रत्यासित रूपमा चुनाव हारे यता नाजिवमाथि अनुसन्धान शुरू गरिएको थियो। प्रहरीले मलेसियाको इतिहासमै पहिलोचोटि यति ठूलो परिमाणमा गहना भेटिएको दाबी गरेको छ।

छापा मारेर जफत गरिएका कुल १२ हजारवटा गहनामध्ये सबैभन्दा महँगो १६ लाख डलर पर्ने हिराको हार रहेको बताइएको छ। यसै अनुसन्धानका क्रममा प्रहरीले ५ सय ६७ वटा ह्यान्डब्यागमा ३ करोड डलर नगद, ४ सय २३ वटा बहुमूल्य नाडी घडी र २ सय ३४ वटा सनग्लास पनि फेला परेका छन्। हिजो राजधानी क्वालालम्पुरमा आयोजित पत्रकार सम्मेलनमा व्यावसायिक अपराध नियन्त्रण विभागका प्रमुख अमर सिंहले सम्पूर्ण सामान गनेर त्यसको मूल्य निर्धारण गर्न अधिकारीहरूलाई ५ साता लागेको जानकारी दिएका छन्।

वर्षौंसम्म प्रथम महिला बनेकी रोस्माहको बहुमूल्य ब्रान्डेट सामानहरू खरिद गर्ने शौख भएको अनुसन्धानबाट खुलेको छ। उनीलाई फिलिपिन्सका पूर्वप्रथम महिला तथा फर्नान्डो मार्कोसकी पत्नी इमेल्दा मार्कोससंग तुलना गरिने गरिएको छ। इमेल्दा पनि महँगा जुत्ता र अन्य विलासिताका वस्तुहरू थुपार्ने शौख राख्ने गर्थिन्। भ्रष्टाचारको अभियोगकै कारण नाजिवले आफ्नै पूर्वराजनीतिक सहयोगी महाथिर मोहमदसँग चुनाव हारेका थिए। नाजिवले सो कोषबाट ७० करोड डलर हिनामिना गरेको आरोप लगाइएको थियो। तर उनले सो आरोप अस्वीकार गर्दै आएका छन्।